बागमती प्रदेश सरकार
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
हेटौंडा, नेपाल

पत्र सङ्ख्या :-
चलानी नं. :-

## तह वृद्धि सम्बन्धी सूचना

(सूचना प्रकाशन मितिः २०८२।०३।१६)

प्रदेश निजामती सेवा ऐन,२०७९ को दफा ३० बमोजिम तह वृद्धि हुन योग्यता पुगेका कर्मचारीहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र तपसिल बमोजिम हुने गरी यस कार्यालयमा पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

१. दशौं तहमा तह वृद्धि हुन चाहने कर्मचारीहरुले सम्बन्धित मन्त्रालयमा निवेदन दिने र मन्त्रालयले तोकिएको म्यादभित्र संकलन भएका निवेदनहरु असारमसान्तभित्र यस कार्यालयमा पेश गर्न आवश्यक व्यवस्था मिलाउने,

२. यस कार्यालय अन्तर्गतका निकायमा कार्यरत तह वृद्धि हुन चाहने कर्मचारीहरूले सम्बन्धित कार्यालयमा निवेदन दिने र कार्यालयले तोकिएको म्यादभित्र संकलन भएका निवेदनहरु असारमसान्तभित्र यस कार्यालयमा पेश गर्न आवश्यक व्यवस्था मिलाउने,

३. यस कार्यालयमा कार्यरत तह वृद्धि हुन चाहने कर्मचारीहरूले तोकिएको म्यादभित्र कार्यालयमा निवेदन दिने,

४. तह वृद्धिका लागि निवेदन पेश गर्दा निम्न कागजात निवेदनसाथ संलग्न राख्नुपर्नेछः

- सम्बन्धित कर्मचारीको सक्कलै निवेदन,
- शुरु/स्थायी नियुक्ति पत्रको प्रमाणित प्रतिलिपि,
- तह बृद्वि हुने तह भन्दा एक तह/श्रेणी मुनिको तह/श्रेणीमा पुरा गरेको सेवा अवधि पुष्टि हुने कागजात (नियुक्ति/तह बृद्वि) को प्रमाणित प्रतिलिपि,
- समायोजन र पदस्थापन गरिएको पत्रको प्रमाणित प्रतिलिपि,
- प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३० को उपदफा (१) बमोजिम न्यूनतम शैक्षिक योग्यता हासिल गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
- हालसालै अद्यावधिक गरिएको राष्ट्रिय किताबखाना(निजामती)/प्रदेश किताबखानाबाट मुद्रण गरिएको वैयक्तिक विवरण (PIS),
- प्रदेश निजामती सेवा ऐन, २०७९ अनुसार विभागीय कारवाही पाए/नपाएको र निलम्बनमा परे/नपरेको भन्ने ब्यहोराको कर्मचारी कार्यरत सम्बन्धित कार्यालयको सक्कल सिफारिस पत्र।

२०८२।०३।१६

......................
(तीर्थराज घिमिरे)
अधिकृत सातौं

फोन नं.: ०५७-५२२३८५, ३८७, ८९७, ८९८, ३९७ फ्याक्स: ०५७-५२७५०७, वेवसाइट: www.ocmcm.bagamati.gov.np, ईमेल: ocmcm@bagamati.gov.np